# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : ४ संख्या : १० असार २०, २०८१


### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाकोमिति २०८१/०३/२० गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | रोजगार संवाद मञ्च सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाका विभिन्न विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरु सुत्केरी भएको अवस्थामा नियमानुसार उपलब्ध हुने सुत्केरी बिदाको समयमा विद्यालयमा शिक्षक नहुँदा पठनपाठनमा समस्या हुने हुँदा सुत्केरी सट्टा शिक्षकको व्यवस्थापनका लागि सुत्केरी सट्टा शिक्षक सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकामा २०८१ साल असारसम्म कार्यरत करारका कर्मचारीहरुले आगामी आ.व.२०८१/०८२ मा पनि निरन्तरता दिनको लागि इच्छुक भइ निवेदन प्राप्त भएको र काम सन्तोषजनक रहेको हुँदा २०८१ साल असार मसान्तसम्म कार्यरत कर्मचारीहरु मध्ये बोटेमाझी सामुदायीक स्वास्थ्य इकाइमा कार्यरत अ.हे.व. कपिल भण्डारीको हकमा हाल गुनासो प्राप्त भएको हुँदा निजलाई अर्को गुनासो प्राप्त भएमा गुनासो प्राप्त हुँदाका बखत सेवाबाट हटाउने गरि र अन्य सम्पूर्ण करारका कर्मचारीहरुसँग २०८१ साल पौष मसान्तसम्म म्याद हुने गरि करार सम्झौता गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाको लागि एकजना MBBS डाक्टर र ल्याबको कर्मचारी नियुक्तिको लागि आवश्यक बजेट समेत व्यवस्था गरेको हुँदा करारमा नियुक्तिको लागि विज्ञापन गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत